# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## कपुरकोट गाउंपालिका
## सल्यान




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादन तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ असार **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय )

पत्र संख्याः २०७८।८९
च.नं. १४६

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कपुरकोट गाउंपालिका, गाउं कार्यपालिकाको कार्यालय,
सल्यान ।

**कैफियत सहितको राय**

हामीले कपूरकोट गाउंपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउंपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ३ लाख ८५ हजार बेरुजू देखिएको छ। तहाँबाट प्रतिक्रिया प्राप्त नभएकोले सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २१ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख ८ हजार, नियमित गर्नुपर्ने रू. १ करोड २५ हजार र पेश्की रू. ८१ लाख ५० हजार रहेको छ । पालिकाको गतवर्ष ४ करोड ६९ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ७३ लाख ४६ हजार रहेको छ। पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

## कपुरकोट गाउंपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३१ | २६ | २०३८५ | ० | ० | ० | ३१ | २६ | २०३८५ | २१०२ | १००२५ | १०८ | ० | ० | १०१३३ | ८१५० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | ४६९६१ | ० | ० | ४६९६१ | ० | २०३८५ | ६७३४६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कपुरकोट गाउँपालिका, सल्यान , कपुरकोट गाउँपालिका , सल्यान

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | dilli khadka | २०७८-८-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Mohan khadka | २०७८-४-१ | |
| लेखा प्रमुख | bishnu prasad acharya | २०७८-४-१ | |
| | | **बेरुजु रकम** | २०,३८५,१९२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४,१९,१७,९३९.१९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २४,१७,०७,८१० | चालु खर्च | १९,१५,३७,६९३.०९ |
| प्रदेश सरकारबाट अनुदान | २,८७,६९,३५२ | पूँजीगत खर्च | ११,४४,८९,९२३ |
| राजश्व बाँडफाँट | ५,५३,३२,१८७.६९ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | ४०,६०,९७०.३७ | | |
| अन्य आय | १०,२७,१०,४६६ | | |
| कुल आय | ४३,२५,८०,७८६.०६ | कुल खर्च | ३०,६०,२७,६१६.०९ |
| बाँकी मौज्दात | | ४,१६,४७,५२०.१६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्वेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ११९।२१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार २०४ जनसंख्या रहेको छ । | |
| २ | | | **बित्तिय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• मलेपफा नं २७२ को अनुसूची २४ ले खाता अनुसार बांकी रु १९,९५,४५,५०३.२२ देखाएकोमा बैंक अनुसार बांकी देखाएको छैन । प्रचलित कानुन अनुसार आर्थिक कारोबारको लेखा खाताहरु अद्यावधिक गरी वित्तीय विश्वसनियता तथा पारदर्शिता अभिवृद्धि गर्नुपर्दछ । | |
| ३ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २o53 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **भ्रमण खर्च** | |
| ५.१ | | | कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

<table>
<tr>
<td>५.२</td>
<td></td>
<td></td>
<td>भ्रमण खर्च नियमावली २०६४ को नियम ६ अनुसार सरकारी कामका सिलसिलामा भ्रमण गर्नुपरेमा अनुसूचिमा तोकिए बमोजिमको भ्रमण खर्च पाउने उल्लेख छ । सोहि नियमावलीको नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीको अभिलेख अनुसूची ६ को ढाँचामा राखी आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित बनाउनु पर्ने उल्लेख छ । पालिकामा भ्रमण अभिलेख नराखि निम्नानुसारका कर्मचारीहरुले कार्यालयमा हाजिर भएको अवस्थामा पनि भ्रमण भत्ता लिएको देखिएकोले आन्तरिक नियन्त्रण व्यवस्था कमजोर रहेको देखिन्छ । साथै पालिकाको हाजिरी रजिस्ट्रमा उपस्थित भएको अवधिको भ्रमण भत्ता असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>५.२.१</td><td>अरुणा भण्डारी (पशु सेवा प्राविधिक)-०७६।६।८-६।११</td><td>३,९००</td></tr>
<tr><td>५.२.२</td><td>भुपेन्द्र ऐरी (ईन्जिनियर) - ०७७।११।२०-११।२२</td><td>३,६००</td></tr>
<tr><td>५.२.३</td><td>भुपेन्द्र ऐरी (ईन्जिनियर) - ०७७।११।१३-११।१९</td><td>१०,०००</td></tr>
<tr><td>५.२.४</td><td>भुपेन्द्र ऐरी (ईन्जिनियर) - ०७७।११।१०-११।१२</td><td>३,६००</td></tr>
<tr><td>५.२.५</td><td>युवराज रेग्मी (सव-ईन्जिनियर) -०७७।१२।४-१२।६</td><td>२,७००</td></tr>
</table>
</td>
<td>२३,८००</td>
</tr>
<tr>
<td>६</td>
<td></td>
<td></td>
<td>कल्याण कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१००००००/- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>६.१</td><td>कर्मचारी कल्याण कोष</td><td>१०,००,०००</td></tr>
</table>
</td>
<td>१,०००,०००</td>
</tr>
</table>



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री तिला बुढामगरले मिति २०७८।०३।२५ गते रु.३१ करोड २९ लाख ९५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२९ मा पारित भएको छ । पालिकाले कानुनको पालना गर्दै समयमै वजेट पेश गर्नुपर्दछ । | |
| ८ | | | **समिति गठन** | |
| ८.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | **चौमासिक खर्च** | |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| चालु खर्चतर्फ | १९१५३७६९३ | २४४२४०४५ | ३९३७६३३६ | १२७७३७३१२ | ८२२२८७६७.०९ |
| पूँजिगत खर्चतर्फ | ११७७८९९२३ | १३४१४८९ | २८३५६१८१ | ८८०९२२५३ | ५९३७१२९६ |
| जम्मा | ३०९३२७६१६ | २५७६५५३४ | ६७७३२५१७ | २१५८२९५६७ | १४१६०००६३.०९ |
| प्रतिशत | १०० | ८.३२ | २१.९० | ६९.७८ | ४५.७७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३०९३२७६१६/- खर्च भएकोमा प्रथम चौमासिकमा ८.३२ प्रतिशत, दोश्रो चौमासिकमा २१.९०प्रतिशत र तेश्रो चौमासिकमा ६९.७८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १४१६०००६३.०९/- अर्थात ४५.७७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१०

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १८८६८८१० | १२७७०७८६ | ६७.६८ |
| २ | पूर्वाधार विकास | ७१५७८००० | ४८७३३२१५ | ६८.०८ |
| ३ | सामाजिक विकास | २१४८४४००० | १७९१९१३८१ | ८३.४१ |
| ४ | बातावरण तथा विकास | १०००००० | ४९७७३६ | ४९.७७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७७७५००० | ६२३३७२० | ८०.१८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७३९७२४३० | ५७९४०४५८.०९ | ७८.३३ |
| **जम्मा** | | **३८७०३८२४०** | **३०४८६९५६०.०९** | **७८.७६** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८३.४१ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ४९.७७ प्रतिशत रहेको छ ।

११

**कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ३ वटा नियमावली र १५ कार्यविधि लगायत वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१२

**उजुरी फर्छ्यौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी समयमै टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाको न्यायिक समितिले यो आ. व. मा दर्ता हुन

| | | | | |
|---|---|---|---|---|
| | | | आएका जम्मा ६ उजुरी मध्ये ५ वटा उजुरी फर्छ्यौट भएका र वांकी १ उजुरी कारबाही किनारा गरी टुङ्गो नलगाएकोले न्यायिक समितिले दर्ता भएका उजुरीलाई सोही आ.व. भित्रै कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |
| १३ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ४६१७०००/- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष6 जना | कार्यपालिका सदस्य 5 जना | सभाका सदस्य 20 जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | टेलिफोन,मोबाइल | 3000 | 3000 | 18000 | 5000 | 20000 | ४६१७००० |
| २ | पुस्तक,पत्रीका, ईन्टरनेट | 3000 | 3000 | 18000 | 5000 | 10000 | |
| ३ | अतिथि सत्कार | 5000 | 4000 | 24000 | 5000 | 20000 | |
| ४ | अनुगमन खर्च | 15000 | 1२000 | 48000 | 27500 | 40000 | |
| ५ | खानेपानी/बिजुली/ सरसफाई | 4000 | 3000 | 6000 | 5000 | 10000 | |
| 6 | विद्युत तथा उर्जा | 3000 | 3000 | 6000 | 5000 | 10000 | |
| | मासिक जम्मा | 33000 | 28000 | 120000 | 52500 | 110000 | |
| | **१२(चाडपर्व समेत) महिनाको जम्मा** | **४११०००** | **३५१०००** | **१५३००००** | **७०५०००** | **१६२००००** | |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **सचिवालय सहयोगी र भान्से** | |
| १४.१ | | | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसूची १ र २ मा यस प्रदेशमा स्थानीय तहका पदाधिकारिले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिका उपाध्यक्षको सचिवालय सहयोगीको रुपमा योगेश वुढालाइ नियुक्त गरि मासिक रु.१९४८०/- का दरले चाडपर्व र पोषाक सहित रु.२६३२४०।०० भुक्तानी गरेकोले सम्वन्धितवाट असूल हुनुपर्ने रु..<br><br>क्रम / कर्मचारीको/फर्म/संगठन नाम / असुली रकम:<br>१४.१.१ / योगेश वुढा (सचिवालय सहयोगी) / २,६३,२४० | २६३,२४० |
| १४.२ | | | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले पाउने सुविधा अनुसूची १ र २ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी व्यवस्था गरेको छ । तर गाउँपालिका अध्यक्षको भान्सेको रुपमा देवा वुढाथोकीलाई नियुक्त गरि मासिक रु.१९४८०/- का दरले चाडपर्व र पोषाक समेत यस वर्ष रु. २६३२४०/- खर्च लेखेको थप व्ययभार भएको रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.<br><br>क्रम / कर्मचारीको/फर्म/संगठन नाम / असुली रकम:<br>१४.२.१ / देवा वुढाथोकी (भान्से) / २,६३,२४० | २६३,२४० |
| १५ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी | |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १४.१.१ | योगेश वुढा (सचिवालय सहयोगी) | २,६३,२४० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १४.२.१ | देवा वुढाथोकी (भान्से) | २,६३,२४० |

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १६ | | | **कर्मचारी करार**<br>स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु.८५८३०००/- भुक्तानी गरेको अनियमित देखिएको रु. | ८,५८३,००० |
| १७ | | | **पालिका तर्फका कर्मचारीको तलवी प्रतिवेदन पारित**<br>निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले पालिका तर्फका स्थाई कर्मचारीको (शशर्त वाहेकका) तलवी प्रतिवेदन पारित नगरी रु. ९४०६९४७/- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन | |
| १८ | | | **वडा सचिवको पदपुर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br>वडा संख्या: ६; वड सचिवको दरबन्दी: ६; वडा सचिवको पदपूर्ति: ५; रिक्त वडा सचिव: १ | |
| १९ | १८० | २०७७-१२-३० | **अनुगमन भत्ता**<br>कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धि ऐन २०७७ को दफा ३ को अनुसुची १ र २ वमोजिम अनुगमन खर्च मासिक भुक्तानी हुने भएकोले थप छुट्टै अनुगमन खर्च नपाउने तथा कार्यालयमा कार्यरत कर्मचारी आफ्नो कार्यालय र मातहतका कार्यको अनुगमन भत्ता नपाउनेमा ऐन विपरित शिक्षा तर्फको अभिभावक शिक्षा कार्यक्रममा (०७७।१२।१०, ११ र १२) पालिकाका निम्न पदाधिकारी तथा कर्मचारीहरुले अनुगमन गरे वापत अनुगमन भत्ता वुझेकोले सम्वन्धित वाट करकट्टी वाहेकको असुल हुनुपर्ने रु. | १९,१२५ |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ५ | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>१९.१</td><td>मोहन खड्का (प्रमुख प्रशासकीय अधिकृत)</td><td>५,१००</td></tr><tr><td>१९.२</td><td>भिम वहादुर सेन (गाउँपालिका अध्यक्ष)</td><td>५,१००</td></tr><tr><td>१९.३</td><td>हरिलाल पुन (४ नं वडा अध्यक्ष)</td><td>१,२७५</td></tr><tr><td>१९.४</td><td>विष्णु प्रसाद आचार्य (लेखापाल)</td><td>३,८२५</td></tr><tr><td>१९.५</td><td>शंकर के. सी. (कर अधिकृत)</td><td>२,५५०</td></tr><tr><td>१९.६</td><td>वालाराम खडका (१ नं वडा अध्यक्षा)</td><td>१,२७५</td></tr></table> | |
| २० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था रहेको छ । कानुन वितरित कपुरकोट गाउँपालिकाले आर्थिक सहायता वापत रु. ३०००००/- वितरण गरकोले आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २१ | | | **ठेक्का व्यवस्थापन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ मा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्ने व्यवस्था छ । गाउं पालिकाले यो वर्ष रु. १७२४६६००९।- का १२ वटा ठेक्का व्यवस्थापन गरेकोमा ४ वटा तेश्रो चौमासिकमा संझौता गरी ९ वटा सम्पन्न भएको र ३ वटा चालु अवस्थामा रहेका छन् । निर्माण कार्यमा ढिलाई हुने हुनाले पालिकाले लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्दछ । | |
| २२ | | | **डि पि आर खर्च**<br>डीपीआर खर्च : बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरी कार्यान्वयनमा ल्याएको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| कपुरकोट गाउँपालिका शैक्षिक सम्भाव्यता अध्ययन तथा परामर्श | हेडलाइट प्रा.लि. | १०००००० | ९९६५९० |
| गाउंपालिका डकुमेन्ट्री निर्माण | रिसर्च राप्ती मिडिया प्रा.ली. | ५००००० | ४९६६३५ |
| गाउंपालिका डिजिटल प्रोफाइल | कोडरेन वेव डेभलपमेन्ट सेन्टर | ५००००० | ४९०००० |
| धैरेनी खोला आइ इ इ | मेगा सिभिल ईन्जिनियरिङ सोलुसन एण्ड कन्सलटेन्सी प्रा.ली. | ५००००० | ४९६६३५ |
| ठूला चौर खेलकुद मैदान | इन्जिनियरको घर प्रा.लि. | ५००००० | ४९४३७५ |
| यर्ाले खोला आइ इ इ | वन डिग्री कन्सल्टेन्ट प्रा.ली. | ५००००० | ४९६५२३ |
| घमाडी चौर भिउ टावर आइ इ इ | मुनाल कन्सल्ट्यान्ट प्रा.लि. | ५००००० | ४९६४०९ |
| ठूला सिम सल्लाम लिफ्ट खानेपानी डिपिआर] | फोकस ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १०००००० | ८९६१८३ |
| अरिगाले खोला आइ इ इ | व्लु होराइजन इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि. | ५००००० | ४९६१८३ |
| जलवांग खोला रामीडांडा लिफ्ट खानेपानी डिपिआर | फोकस ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ४००००० | ४००००० |
| १५ सैया अस्पताल डि पि आर | क्यानभास इन्जिनियरिङ कन्सल्टेन्सी | २०००००० | १९७१८५० |
| जिल्ला पर्यटकीय रिङ रोड डि पि आर | एभ्रेष्ट इन्जिनियरिङ | ६००००० | ५९७२०५ |
| जिल्ला पर्यटकीय रिङ रोड आइ इ इ | ओम कन्सल्टेन्सी | ३००००० | २९७१९० |
| जम्मा | | | ८६२५७७८ |

| | | | | |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । | |
| २३ | ११९ | २०७८-३-३० | **सुरक्षित आवास कार्यक्रम**<br>सुरक्षित आवास कार्यक्रम अन्तर्गत खरको छाना विस्थापित गरी टिनको छाना लगाउनको लागि छनोटमा परेका घरधुरी १३२ लाई रु ५००००। का दरले अुनदान सहयोग दिने कार्यक्रम रहेकोमा यस वर्ष १३२ घर धुरीमध्ये १०६ घरधुरीलाई प्रति घरधुरी रु १५८८६।७९ का दरले निजहरुको बैक खाता मार्फत रकम भुक्तानी दिई रु १६८४०००। खर्च लेखेको छ । सम्झौता बमोजिम कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ । | |
| २४ | | | **आन्तरीक आम्दानी दाखिला अभिलेख**<br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम कार्यालयलमा प्राप्त हुने राजश्व आम्दानीको अभिलेख महालेखा परीक्षकबाट स्वीकृत म.ले.प. फा. नं. १०१ देखि ११५ अनुसार अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । अभिलेख राख्दा कार्यालयमा प्राप्त हुने नगद, बैंक जम्मा भौचर वा विद्युतिय माध्यमबाट प्राप्त हुने राजश्व रकमको नगदी रसिद, दैनिक राजस्व /आम्दानी किताब, शिर्षकगत खाता, राजस्व आम्दानीको दैनिक गोस्वारा खाता, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता, राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता, राजस्व आम्दानी बैङ्क/नगदी किताब, राजस्वको बैङ्क हिसाब मिलान विवरण, राजस्व-आम्दानीको आर्थिक विवरण अनुसार अभिलेख राखी कार्यालयलाई प्राप्त भएको कुल राजश्वको रकम देखिने गरी अभिलेख राख्नुपर्दछ । नगरपालिकाले प्राप्त भएको राजश्वको आम्दानी र बैंक दाखिलाको दैनिक अभिलेख राखेको छैन । साथै वडा कार्यालयहरुले प्रत्येक वडामा प्राप्त हुने आम्दानी र बैंक दाखिलाको मासिक विवरण नगरपालिकामा पठाएको देखिएन । यसबाट कार्यालयमा प्राप्त राजश्व आम्दानी र बैंक दाखिला सम्वन्धमा एकिन गर्न सकिएन । नगरपालिकाले समयमा दाखिला गरे नगरेको सम्वन्धमा अनुगमन गरी ढिलो दाखिला गर्ने जिम्मेवार व्यक्तिलाई नियमानुसार जरिवाना गरी राजश्व आम्दानी अभिलेखलाई स्वचालित प्रणाली मार्फत अद्याविधिक र व्यवस्थित गराउने विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| २५ | | | **प्रकोष व्यवस्थापन ( कोभिड १९) तर्फ**<br>आ व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | १०८,२५५ |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | १३६१९५९ | राहत वितरण | ० |
| आन्तरिक श्रोतबाट | १०००००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ३१५७२० |
| संघीय कोभिड कोषवाट | १४५०००० | आइसोलेसन उपकरण खरिद | ६२९५५३ |
| प्रदेश कोभिड कोषवाट | ० | जनशक्ति परिचालन | १२०४१६५ |
| अन्य स्रोतबाट | ० | औषधि उपकरण खरिद | ५९३८१० |
| | | यातायात तथा इन्धन | ३३५७०४ |
| | | कोभिड उपचार विशेष कार्यक्रम | १७५८७८ |
| | | सूचना तथा संचार | १०३९०० |
| | | वाँकी | ४५०७२९ |
| जम्मा | ३८११९५९ | | ३८११९५९ |

- गो.भौ. ७।०७७।९।२ आइसोलेसनमा वस्नेहरुको खाना खर्च रु ५३८७०। र २५।०७७।११।९ आइसोलेसन मा बस्नेहरुको खाना खर्च रु ५४३८५ । गरी जम्मा रु १०८२५५। खर्च लेखेकोमा आइसोलेशनमा बसेका व्यक्तिहरुको हाजिरी सहितको विवरण पेश नभएकोले सो प्रमाण पेश गर्नुपर्ने रु

२६

**योजना छनौट तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>१४</td><td>५३</td><td>५१</td><td>२१</td><td>१७</td><td>१५६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१० लाख माथिको जम्मा १७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२७</td><td>३७</td><td>२०७७-८-२७</td><td>परामर्श सेवा<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान वेगर प्रोगेसिभ ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. ली. काठमाण्डौ नेपाललाई आ. व. ०७७।७८ मा आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद नियमावली, आन्तरीक लेखापरीक्षण निर्देशिका, व्यवसाय कर निर्धारण कार्यविधि तथा आर्थिक कार्यविधि ऐन जस्ता कानुन निर्माण गर्न लागी अध्ययन तथा तयारीका लागि परामर्श सेवा खरिद गरि रु. ४९४९४०/- भुक्तानी गरेको छ । यो आ. व. मा पालिकामा उक्त कुनै पनि कानुनहरु निर्माण नभएकाले अनियमित देखिएको रु.</td><td>४९४,९४०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>मुख्यमन्त्री रोजगार कार्यक्रम<br>गरीव एवम् बेरोजगार व्यक्तिहरुको जीवनस्तरमा सुधार गरी गरिवी न्यूनिकरणमा सहयोग पुर्याउने लक्ष्य र श्रम तथा रोजगारीका लागि गाउंबाट जनशक्ति पलायन रोक्ने र सामाजिक तथा भौतिक पुर्वाधारहरुको निर्माण तथा विस्तार गर्ने उद्देश्यले स्थानीयतहभित्र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका विभिन्न वडाहरुमा सडक मर्मत, सिंचाई लगायतका कार्य सञ्चालन गरी यस वर्ष ८४६ जनालाई ३० दिनसम्म रोजगारी उपलव्ध गराई रु. १९९१८६०९। खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२९</td><td>१४८</td><td>२०७८-३-२५</td><td>बढी भुक्तानी<br>सार्वजनिक खरिद निमयावली, २०६४ को निमय ९७(४) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा जनसहभागिताको अंश कट्टा कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ . पालिकाले गिद्ध खोर सिल्के खोला सडक निर्माण कार्यको उपभोक्ता समितिलाई संझौता बमोजिम प्राविधिक मूल्यांकन बिल रु. ६७६४००।७२ मा २० प्रतिशतले हुने जनसहभागिताको अंश रु. १६९१००।१८ कट्टा गरी रु. ६७६४००।७२ भुक्तानी गर्नुपर्नेमा रु. ७०००००। भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. २३५९९।२८ असुल गर्नुपर्ने रु</td><td>२३,५९९</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका विभिन्न वडाहरुमा सडक निर्माण, वाल तथा नाला निर्माण र सडक मर्मत लगायतका कार्य सञ्चालन गरी यस वर्ष ३० वटा योजनामा ३०५ जनालाई ८० देखि १०० दिन दिन रोजगारी उपलव्ध गराई रु. १४६४९७१२।- खर्च गरेको छ । | |
| ३१ | | | **हेभी इक्यूपमेन्टको प्रयोग**<br>उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट निर्णय गराएको देखिएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |


https://nams.oag.gov.np

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ४५।०७७।१०।२७ | लामिडाडा खारखोला सोतबास मोटरबाटो निर्माण उ.स. | सडक निर्माण | १००००००/- | जे.सि.वि. | ९९९९८५१/- |
| ८६।०७७।१२।३१ | शितलबोट टुनिवजार सडक स्तरोन्नती मोटर बाटो निर्माण उ.स. | सडक निर्माण | ७४००००/- | एक्साभेटर | ७२६५३६/- |
| ९४।०७७।१।१५ | देउराली सागिने डांग्री मोटरबाटो निर्माण उ.स. | सडक निर्माण | १००००००/- | एक्साभेटर | ९९३९९३/- |
| ९७।०७७।२२।१७ | शितलबजार मेलचौर मोटरबाटो निर्माण उपभोक्ता समिति | सडक निर्माण | १००००००/- | एक्साभेटर | ९९७२५६/- |
| ११९।०७८।३।२१७ | ठांटीचौर बागचौर बगरचौर सम्धीमोड मोटरबाटो निर्माण उपभोक्ता समिति | सडक निर्माण | ६८००००/- | एक्साभेटर | ५००१८६/- |
| १३६।०७८।३।२३ | मिलनबजार शितलबजार रिङरोड सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | १००००००। | एक्साभेटर | ९२९५९९/९८ |

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **आन्तरीक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३३ | १६० | २०७८-३-३० | **टुक्रा पारी खरिद** | ९४६,५२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, नियम ८४ मा रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले आर्थिक वर्षको अन्तमा रु. ५ लाख भन्दा घटीका २ वटा टुक्रा पारी दुई वटा फर्मबाट खरिद गरी रु. ९४६५२१। खर्च लेखेको नियम सम्मत नदेखिएको रु. | | |
| ३४ | | | **तलबी प्रतिबेदन**<br>निजामति ऐन, २०४९ को दफा ७ ख(२) मा मन्त्रालय, विभाग, आयोग र सचिवालय तथा उपत्याका भित्र रहेका कार्यालयका निजामति कर्मचारीको हकमा निजामति किताब खाना र जिल्लास्थित कार्यालयका निजामति कर्मचारीहरुको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य अन्तर्गतका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलबमा रु. १०५४२६०३ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगराएकोले कर्मचारीहरुको ग्रेड रकम एकिन गर्न सकिएन ।अत: नगरपालिकाले तलवी प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्दछ । | | |
| ३५ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. १५५८२७९।- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br>• अत:औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारको औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ३६ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** | | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको तह</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th></tr>
<tr><td colspan="5">कुल२४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था</td></tr>
<tr><td>१</td><td>स्थायी</td><td>६९</td><td>६६</td><td>१५</td></tr>
<tr><td>२</td><td>राहत</td><td>२२</td><td>२२</td><td>२२</td></tr>
<tr><td>३</td><td>प्रशिक्षक सहायक</td><td>५</td><td>५</td><td>५</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td>११७</td><td></td><td>छात्रवृत्ति<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार विद्यालय छात्रवृत्ति निकासा गरेपछि अन्तमा वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने नियम वमोजिम पालिकाले निम्न विद्यालयहरुमा रकम निकासा गर्दा IEMIS को डाटा अनुसार भुक्तानी गरेकोमा उक्त रकम वितरण गरेको भर्पाई भन्दा वढी रकम निकासा भएको देखीएकोले उक्त रकम संघीय संचित कोषमा फिर्ता हुनुपर्ने रु.</td><td>५७,४००</td></tr>
</table>

| सि न | विद्यालयको नाम | छात्रवृत्ति निकासा | भरपाई रकम | वढी भुक्तानी रकम |
|---|---|---|---|---|
| 1 | ने रा मा वि ३ किमचौर | १०५४०० | ७८००० | २७४०० |
| 2 | शिद्ध आधारभुत विद्यालय ५ खाली | ५३६०० | ४७६०० | ६००० |
| 3 | सरस्वती आधारभुत विद्यालय ६ रातामाटा | ३५००० | ३२६०० | २४०० |
| 4 | सरस्वती आ. वि. ५ जामुने | ४२६०० | ३७६०० | ५००० |
| ५ | भुवनेश्वरी प्रा. वि. ५ सिन्दुरी | १३८०० | १०८०० | ३००० |
| ६ | जानकी आ. वि.६ डांग्री | १६००० | १४४०० | १६०० |
| ७ | सरस्वती प्रा. वि. २ दानवाङ | १७२०० | १५२०० | २००० |
| ८ | दहवन प्रा. वि. दहवन | ४१२०० | ३७२०० | ४००० |
| ९ | शिद्ध आ. वि. ६ ठांट | ४२४०० | ३८८०० | ३६०० |
| १० | जनचेतना प्रा. वि.१ लामपोखरा | १८४०० | १६००० | २४०० |
| जम्मा | | | | ५७४०० |

| | | | | |
|---|---|---|---|---|
| ३८ | ११६ र १७९ | २०७८-३-२ | **पाठ्यपुस्तक**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार विद्यालय पाठ्यपुस्तक निकासा प्रथम किस्तामा ७५ प्रतिशत र वाकी २५ प्रतिशत रकम विल भर्पाइ पेश भए पश्चात भुक्तानी गर्नुपर्ने नियम वमोजिम पालिकाले निम्न विद्यालयहरुमा प्रथम किस्ता निकासा IEMIS को डाटा अनुसार भुक्तानी गरेकोमा दोस्रो किस्ता २५ प्रतिशत निकासा गर्दा विल भर्पाई भन्दा वढी गएकोले उक्त रकम संघीय संचित कोषमा फिर्ता हुनुपर्ने रु. | ३९,६९८ |

| सि न | विद्यालयको नाम | पा . पु . निकासा | भरपाई रकम | वढी भुक्तानी रकम |
|---|---|---|---|---|
| 1 | शिद्ध आधारभुत विद्यालय ५ खाली | १२७५५७ | १२४५३० | ३००० |
| 2 | ने रा मा वि ३ किमचौर | ४१९८६२ | ४०१८१२ | १८०५० |
| 3 | जिवनज्योति मा. वि. ५ रिम | ३६१३५३ | ३४९४८९ | ११८५४ |
| 4 | सरस्वती आ. वि. ५ जामुने | १०६७९० | १०२१६० | ४६३० |
| ५ | सरस्वती आ. वि. ६ रातामारा | ९३३९० | ९१२२६ | २१६४ |
| जम्मा | | | | ३९६९८ |

३९ **राजस्व दाखिला गर्न वांकी** १४,६५४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । तर गाउंपालिकाका निम्न वडाहरुले काटिएका ठेली अनुसार उठेको राजस्व भन्दा घटी दाखिला भएको देखिएकोले घटी दाखिला हुन गएको राजस्व यथाशिघ्र संघीय राजस्व खातामा दाखिला हुनुपर्ने रु.

| वडा नं | ठेली वाट उठेको राजस्व | वैंक दाखिला भएको राजस्व | घटी दाखिला |
|---|---|---|---|
| १ | ४९८८६२ | ४८७१११ | ११७५१ |
| ३ | ३६६०९३ | ३६३१९० | २९०३ |

४० **सवारी कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख रहेकोले हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

<table>
<tr><td>४१</td><td></td><td></td><td>एम. आई. एस. डाटा भन्दा वढीलाई वितरण<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० मा लाभग्राहीको तोकीए वमोजिमको विवरण निर्दिष्ट समयभित्र एम. आई. एस मा प्रविष्ट गर्नुपर्नेछ र दफा १५ मा वैंकलाई रकम निकासा दिदा एम. आई. एस लगत अनुसार दिनुपर्ने व्यवस्था रहेको छ । साथै परिच्छेद ३ को दफा १२ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लाभग्राहीहरुको मृत्यु भएमा, वसाई सरि गएमा, दोहोरो परेमा लगत कट्टा गर्नुपर्ने र सोही अध्यावधिक एम. आई. एस. लगतका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रथम चौमासिकमा एम. आई. एसमा समयमै लगत कट्टा नगरी वैंकलाई निकासा दिंदा वैंक वितरण लगत अनुसार वढी संख्यालाई वितरण गरेको देखिएकोले उक्त वढी रकम असुल हुनुपर्ने छ । असुल हुनुपर्ने रु.
<table>
<tr><th>वडा नं</th><th>भत्ताका किसिम</th><th>एम. आई. एस. डाटा भन्दा वढी संख्या</th><th>वढी वितरित रकम</th></tr>
<tr><td>३</td><td>ज्ये. ना. भ (दलित)</td><td>१</td><td>८०००</td></tr>
<tr><td>५</td><td>विधवा</td><td>२</td><td>१६०००</td></tr>
<tr><td>४</td><td>विधवा</td><td>३</td><td>२४०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४८०००</td></tr>
</table></td><td>४८,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>पूर्व निर्धारित क्षतिपूर्ती</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>ठेक्का नं. ३।०७६।७७, भवानी मा.वि. को ४ कोठा भएको २ तले भवन निर्माण कार्यको कवोल अंक मूल्य अभिबृद्ध कर समेत रु. २६७४९३८।५६ मा २०७७।२।३० सम्म कार्यसम्पन्न गर्ने गरी २०७७।१।२२ मा संझौता भएकोमा उक्त अवधिमा कार्य सम्पन्न हुन नसकी उक्त ठेक्काको म्याद २०७७।१०।३० सम्म थप भई दोश्रो रनिङ विलसम्म रु. १३५४३२७।९२ भुक्तानी भएको देखिन्छ ।२०७७।१०।१२ मा दोश्रो रनिङ विलको रु. ८२४७४८। भुक्तानी भएको छ ।नापी किताब अनुसार उक्त निर्माण कार्य भौतिक रुपमा भुई तलाको गारो र छत ढलान तथा पहिलो तलाको पिलारको काम सम्पन्न भएको देखिन्छ । सो भुक्तानी लिए पश्चात थप म्यादभित्र समेत उक्त कार्य सम्पन्न हुन नसकेकोमा निर्माण व्यवसायीले म्याद थपको निवेदन समेत नदिएको र लेखापरीक्षण अवधि २०७८।१०।५ सम्म थप कार्यमा सून्य प्रगति देखिन्छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको</td><td>२३६,७२०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | काम तोकिएको समयमा हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने र खण्ड (ख) मा पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा निर्माण व्यवसायी सम्झौता बमोजिमको काम गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । निर्माण व्यवसायी सानो भेरी निर्माण सेवाले कबोल गरेको रु. २३६७२०२।२६ को १० प्रतिशत रु.२३६७२०।२२ पूर्व निर्धारित क्षतिपूर्ति असूल गरी बांकी कार्य निजबाट सम्पन्न गराउनु पर्ने रु. | |
| ४२.३ | | | सार्वजनिक खरिद ऐन, ३०६३ को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(६) मा सार्वजनिक निकायसंग खरिद सम्झौता गर्नेले सार्वजनिक निकायलाई पूर्व जानकारी नदिई ठेक्का तोड्न नपाउने, उपदफा (७) मा सार्वजनिक निकायसंग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु गरी विचैमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा जुनसुकै बखत सम्झौता अन्त गर्न सक्ने र उपदफा ८ मा सम्झौता अन्त्य भएमा सम्झौता बमोजिम बांकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बांकी सरह असुल उपर गरिने तथा दफा ६३ (१)(ख) मा निर्माण व्यवसायीले खरिद सम्झौता अनरुपको दायित्व पालना नगरेमा त्यस्तो निर्माण व्यवसायीलाई कालो सूचिमा राख्ने लेखि पठाउने समेतका कारवाहीरु गर्नुपर्ने व्यवस्था छ ।अत: पालिकाले निजले काम पूरा नगरेमा नियमानुसार कारवाहीको प्रक्रिया अगाडी बढाई उक्त निर्माण सम्पन्न गराउनु पर्दछ । | |
| ४३ | ९ | २०७८-३-२८ | **दोहोरो भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता बमोजिम सार्वजनिक निकायले रनिङ विल भुक्तानी गर्दा बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउं पालिकाको कार्यालय भवन निर्माण कार्यको निर्माण व्यवसायी रोयल कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानी गर्दा ल्यावटेष्ट बापत रु ११३०००। भुक्तानी गरेकोमा गत आर्थिक वर्षमा चौथो रनिङ विल भुक्तानी गर्दा समेत उक्त रकम भुक्तानी भैसकेकोमा पुन: यस आर्थिक वर्षमा समेत भुक्तानी गरेको देखिएकोले दोहोरो भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्ने रु. | ११३,००० |
| ४४ | | | **बीमा तथा गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दशलाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री पालिकाले औजार कामदार आदिको त्रुटी सच्याउने दायित्व कभर गर्ने गरी विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले दशलाख भन्दा बढीको निर्माण कार्यको लागत अनुमान तयार गर्दा विमाको व्यवस्था गरेको देखिएन ।साथै नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति | |

मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । कार्यालयले १० लाख भन्दा बढीको निर्माण कार्यको सम्भावित क्षेतीबाट हुन सक्ने नोक्सानीबाट जोगिन बिमा र गुणस्तर सम्वन्धमा आश्वस्त हुन परीक्षण गराई नियमको पालना गर्नुपर्दछ ।

| सि.नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. ६ कार्यालय भवन | शिद्ध कुमाख विल्डर्स | ३९२३१६१/- | विमाको प्रोभिजन भए पनि विमा नगरेको, ल्याव टेष्टको प्रोभिजन नराखेको । |
| २ | आयुर्वेद भवन निर्माण | सुम्निमा निर्माण सेवा | २६०८६२४/- | विमाको प्रोभिजन भए पनि विमा नगरेको, ल्याव टेष्टको प्रोभिजन नराखेको । |
| ३ | सरस्वति आ.वि. भवन निर्माण | भगवति कन्स्ट्रक्सन | १९४३१५२/- | विमाको प्रोभिजन भए पनि विमा नगरेको, ल्याव टेष्टको प्रोभिजन नराखेको । |
| ४ | ने.रा.मा.वि. तला थप | ज्ञानु निर्माण सेवा | १९४१११५/- | विमाको प्रोभिजन भए पनि विमा नगरेको, ल्याव टेष्टको प्रोभिजन नराखेको । |
| ५ | जिवनज्योती मा.वि.तला थप | भगवति कन्स्ट्रक्सन | ३६११९७०। | विमाको प्रोभिजन भए पनि विमा नगरेको, ल्याव टेष्टको प्रोभिजन नराखेको । |
| ६ | भूतखोला गैराखोला लिफ्ट खानेपानी योजना | भूमि निर्माण सेवा | २३९७८३२६। | विमाको प्रोभिजन भए पनि विमा नगरेको, ल्याव टेष्टको प्रोभिजन नराखेको । |
| ७ | आर.सि.सि. सडक कार्यालय परिसर | भैरव इन्टर प्राइजेज | १३८५९४५। | विमाको प्रोभिजन भए पनि विमा नगरेको, ल्याव टेष्टको प्रोभिजन नराखेको । |

| | | | | |
|---|---|---|---|---|
| ४५ | | | **पेश्की बांकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ बमोजिम निम्नानुसार वांकी पेश्की नियमानुसार असूल फर्छ्यौट गर्नुपर्ने रु. | ८,१५०,००० |

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | फछ्र्यौटको अन्तिम म्याद | म्याद नाघेको जम्मा |
|---|---|---|---|---|---|
| ठेकेदार पेश्की | | | | | |
| २०७८।३।२५ | | मोविलाईजेशन पेश्की | पि. एस. कन्स्ट्रक्सन कम्पनि प्रा. ली | आ. व समाप्त | ७५०००० |
| संस्थागत पेश्की | | | | | |
| २०७८।३।२९ | | कार्यक्रम पेश्की | जीवन ज्योति मा. वि. रीम | आ. व समाप्त | ६५०००० |
| जम्मा | | | | | ८१५००० |

४६

अद्यावधिक वेरुजु

यस पालिकाको २०७७।0७८ सम्मको फर्छ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

रु.(हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ४६९६१ | 0 | | २०३८५ | ६७३४६ |